DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal ( EOC-Nepal)

मितिः २०७४/०५/२६

## प्रेस विज्ञप्ति

२०७४ मंसिर १० र २१ गते सम्पन्न हुने भनिएको प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनका लागि भदौ १४ गतेदेखि नै आचार संहिता लागू भइसकेको निर्वाचन आयोगको प्रेस विज्ञप्ति सार्वजनिक भइसकेको छ ।

**"नेपाल सरकारका स्वामित्वमा रहेका वा सरकारी कोष वा सर्वसंचित कोषबाट खर्च हुने वा बजेट प्राप्त हुने नेपाल सरकारबाट कुनै सुविधा हुने पद वा निकायमा कुनै पनि राजनीतिक नियुक्ति नगर्ने"** निर्वाचन आयोगको ७ बुंदे निर्देशन विपरित नेपाल सरकारले २०७४ भदौ २६ गते मन्त्री परिषदको विस्तार गरेको विषयमा निर्वाचन पर्यवेक्षण समिति नेपालको ध्यानाकर्षण भएको छ ।

स्वच्छ, स्वतन्त्र र निस्पक्ष निर्वाचन गराउन सरकारको महत्वपुर्ण भूमिका हनु पर्छ । लोक कल्याणकारी राज्य व्यवस्थामा निर्वाचन आयोगको निर्देशन विपरित मनसायपूर्वक गरिएका निर्वाचन आचार संहिताहरुको उल्लंघन स्वयम सरकारबाट हुनुले कानुनी राज्यको उपहास भएको छ। यसबाट सर्वसाधारण मतदाता तथा निर्वाचन अभियानमा सरोकार वालाहरु गम्भिर बन्नै पर्छ । संविधान, ऐन, कानुन, नियम र नीतिको खिलापमा गरिएका गतिविधिहरुले समग्र निर्वाचन प्रणालिको निश्पक्षता माथि प्रश्न चिन्ह खडा भएको छ ।

अतः निर्वाचन ऐन नियम र आचार संहिताको पूर्णरुपमा पालना गराउन हामी निर्वाचन आयोगसँग अनुरोध गर्द छौं ।

Pradeep

प्रदिप पोखरेल
अध्यक्ष

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4784568, Fax. 01-4781044Email. eocnepal123@gmail.com,Web site : www.eocnepal.org.np